# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पाटन नगरपालिका
## बैतडी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पाटन नगरपालिका
## बैतडी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पाटन नगरपालिका

बैतडी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

२०८१

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदुरपश्चिम, प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं.११३

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुखज्यू,

पाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बैतडी ।

१. **कैफियत सहितको राय —** हामीले पाटन नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. ५२ लाख ७९ हजार बेरूजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट प्रतिक्रिया प्राप्त भएको छैन। उल्लिखित मध्ये बाँकी बेरूजु असुल गर्नुपर्ने रू. ६ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २३ लाख ६० हजार, नियमित गर्नुपर्ने रू. १४ लाख र पेश्की बाँकी रू. ८ लाख ३३ हजार समेत रू. ५२ लाख ७९ हजार रहेको छ। पाटन नगरपालिकाको गतवर्ष सम्म रू. १५ करोड ४९ लाख ३७ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. १६ करोड २ लाख १६ हजार रहेको छ। पाटन नगरपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने पाटन नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पाटन नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

पाटन नगरपालिका

बैतडी जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरूजु

### बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | २१ | ५२७९ | ० | ० | ० | ५५ | २१ | ५२७९ | ६८६ | १४०० | २३६० | ० | ० | ३७६० | ८३३ |

## २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | १५४९३७ | ० | ० | १५४९३७ | ० | ५२७९ | १६०२१६ |

## ३. बेरूजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | ० |
| | गत विगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ।

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। २१९.२६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस पालिका अन्तर्गत १० वडा तथा २८३६० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।११ देखि २०८०।६।४ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।
**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ८१३३७ असुल भई सञ्चित कोष दाखिला प्रमाण पेश भएको छ।

| कार्यक्रम/ ब.उ.शी.. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| चालु | बढि भुक्तानी | ३४०० | २०८०।५।१३ | कृषि विकास बैक बैतडी |
| चालु | दोहोरो भुक्तानी | १२१८० | २०८०।५।१३ | कृषि विकास बैक बैतडी |
| चालु | प्रोत्साहान भत्ता | ७९५७ | २०८०।५।१३ | कृषि विकास बैक बैतडी |
| चालु | अनुगमन भत्ता र दोहोरो भुक्तानी | ४५१०० | २०८०।६।५ | कृषि विकास बैक बैतडी |
| पुँजीगत | कर कट्टि | १२७०० | २०८०।६।७ | कृषि विकास बैक बैतडी |
| जम्मा | | ८१३३७ | | |

२ **प्राप्ति र भुक्तानी -** आर्थिक वर्ष २०७९।८० को म.ले.प फा. नं. २७२ अनुसार पालिकाको प्राप्ति र भुक्तानी देहायअनुसार रहेको छ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गत वर्ष रू. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७५३७२५१५२.९८ | ५६६३६६९८०.४२ | | ५६६३६६९८०.४२ | ६०८७६६४०६.४४ | | ६०८७६६४०६.४४ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ७४१६४०८४८.१६ | ५६३८००१३५.४२ | ० | ५६३८००१३५.४२ | ५९९७०९४१७.४४ | ० | ५९९७०९४१७.४४ |
| ११००० कर | ११ | ११८८५९०००. | ८९९२८८१७.५५ | ० | ८९९२८८१७.५५ | ९५२३३६९९.५१ | ० | ९५२३३६९९.५१ |
| १३००० अनुदान | | ५४८७३८०००. | ४६८७४८७८०.९७ | ० | ४६८७४८७८०.९७ | ४९८१४८७४४.९२ | ० | ४९८१४८७४४.९२ |
| संघीय सरकार | १२ | ५३१०६६०००. | ४५५९७५६३९.९७ | ० | ४५५९७५६३९.९७ | ४७९८११९९५.९२ | ० | ४७९८११९९५.९२ |
| प्रदेश सरकार | १२ | १७६७२०००. | १२७७३१४१. | ० | १२७७३१४१. | १८३३६७४९. | ० | १८३३६७४९. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | ५८००००० . | ५१२२५३६.९ | ० | ५१२२५३६.९ | ६३२६९७३.०१ | ० | ६३२६९७३.०१ |
| ३२००० वित्तीय सम्पत्ति | | ६८२४३८४८.१६ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १२०८४३०४.८२ | २५६६८४५. | | २५६६८४५. | ९०५६९८९. | | ९०५६९८९. |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरू | | १२०८४३०४.८२ | ० | ० | ० | ६९१८२००. | ० | ६९१८२००. |
| धरौटी | | ० | २५६६८४५. | ० | २५६६८४५. | २१३८७८९. | ० | २१३८७८९. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७५३७२५१५२.९८ | ६२५४३४६६७.६९ | | ६२५४३४६६७.६९ | ५७५८९४८०७.४४ | | ५७५८९४८०७.४४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७४१६४०८४८.१६ | ६१५१६७९३९.६९ | | ६१५१६७९३९.६९ | ५६८४२१८२४.११ | | ५६८४२१८२४.११ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २६८१७४०००. | २४७१६०८४१.८४ | ० | २४७१६०८४१.८४ | १७८८६६५७१.५७ | ० | १७८८६६५७१.५७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २६२२६५८१९.१६ | २१३७८४७८०.८५ | ० | २१३७८४७८०.८५ | २३०७७४५०५.४९ | ० | २३०७७४५०५.४९ |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ९०५१३०. | ० | ९०५१३०. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | २८१६०००. | १७९८८००. | ० | १७९८८००. | १३४६१५१२. | ० | १३४६१५१२. |
| २८००० अन्य खर्च | १८ | २७७७०००. | २६३२३४०. | ० | २६३२३४०. | १६६६६१४. | ० | १६६६६१४. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०५६०८०२९. | १४९७९११७७. | ० | १४९७९११७७. | १४२७४७४९१.०५ | ० | १४२७४७४९१.०५ |
| घ. अन्य भूक्तानी | | १२०८४३०४.८२ | १०२६६७२८. | | १०२६६७२८. | ५७५८९४८०७.४४ | | ५७५८९४८०७.४४ |
| कोषहरू | | १२०८४३०४.८२ | ८५९६७६८. | ० | ८५९६७६८. | ५७७७९१४.८ | ० | ५७७७९१४.८ |
| धरौटी | | ० | १६६९९६०. | ० | १६६९९६०. | १६९५०६८.५३ | ० | १६९५०६८.५३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -५९०६७६८७.२७ | | -५९०६७६८७.२७ | ३२८७१५९९. | | ३२८७१५९९. |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८५२२६८५९.१ | | ८५२२६८५९.१ | ४७०४०२७८.३२ | | ४७०४०२७८.३२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २६१५९१७१.८३ | | २६१५९१७१.८३ | ७९९११८७७.३२ | | ७९९११८७७.३२ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | २६१५९१७१.८३ | | २६१५९१७१.८३ | ८०९७०१५५.३३ | | ८०९७०१५५.३३ |

## ३ एकिकृत आय व्यय

पालिकाले तयार गरेको आर्थिक बर्ष २०७९।८० को एकिकृत आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| एकिकृत आय व्यय विवरण | | | |
|---|---|---|---|
| सि नं | आय तर्फ | सि नं | व्यय तर्फ |

| | बिवण | रकम | रकम | | बिवण | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गत बर्षको मौज्दात | | १३२०३९५३७ | १ | चालू खर्च | ४६५३७६७६३ | ४६५३७६७६३ |
| | बैंक | १३२०३९५३७ | | २ | पुजिगत खर्च | ४९७९११७७ | १४९७९११७७ |
| २ | राजश्व आन्तरिक आय | | ९५०५१३५४ | ३ | अनुदान फिर्ता | ४६२२२८१९ | ४६२२२८१९ |
| | आन्तरिक राजश्व | ६७५९४९६ | | ४ | कर्मचारी कल्याण कोष खर्च | १८२६५९६ | १८२६५९६ |
| | राजश्व बाँडफाट (केन्द्र) | ८५४०२८१३ | | ५ | धरौटि फिर्ता | १६६९९६० | १६६९९६० |
| | राजश्व बाँडफाट (प्रदेश) | २८८९०४६ | | ६ | विविध कोष खर्च | ६६४४१७२ | ६६४४१७२ |
| ३ | वित्तीय हस्तान्तरण(संघ) | | ४९७२९९६०० | ७ | प्रकोप व्याावस्थापन कोष खर्च | १२६००० | १२६००० |
| | वित्तीय समानीकरण अनुदान | ११३९६०००० | | ८ | मौज्दात | | २६१५९१७२ |
| | सशर्त अनुदान | ३६४९५६२७० | | | मुल संचित कोष खाता | १६८७६०४४ | |
| | समपूरक अनुदान | १०६६६६६६ | | | धरौटी खाता | ५७९५५९१ | |
| | बिशेष अनुदान | ७७१६६६४ | | | कर्मचारी कल्याण कोष | ३३१६४२ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १७६७२००० | | प्रकोप व्यवस्थापन कोष | २४६२८२३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वित्तीय समानीकणअनुदान | ८६१३००० | | | विविध खर्च खाता | ६९३०७२ | |
| | बिशेष अनुदान | २५००००० | | ९ | सामाजिक सुरक्षा तथा संरक्षण खर्च | १४०३७६२७० | १४०३७६२७० |
| | समपूरक अनुदान | ६५५९००० | | १० | हिसाब मिलान | ६३९९५६८८ | ६३९९५६८८ |
| ५ | धरौटी प्राप्त | ७६६५५५१ | ७६६५५५१ | | | | |
| ६ | कर्मचारी कल्याण कोष | २१५८२३८ | २१५८२३८ | | | | |
| ७ | प्रकोष व्यावस्थापन कोष | २५८८८२३ | २५८८८२३ | | | | |
| ८ | विविध कोष खाता | ७३३७२४४ | ७३३७२४४ | | | | |
| १० | सामाजिक सुरक्षा कार्यक्रम | १४०३७६२७० | १४०३७६२७० | | | | |
| **जम्मा** | | | ९०२१८८६१७ | **जम्मा** | | | ९०२१८८६१७ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

### ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थामा निम्न भए गरेको पाईएन।
- आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको।
- सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको।
- स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार नगरेको।
- पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको।
- स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- प्रचलित कानुन अनुसार लेखा समिति गठन गरेको पाइएन।
- प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन।
- सबै कर्मचारीलाई निजहरूले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन।
- सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरूप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन।
- दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।
- यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरूजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरूजु सम्परीक्षण गरी बेरूजू लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

---

४.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अद्यावधिक गरेको छैन। सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानुपर्दछ।

---

## ५ कर तथा कर छुट

५.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १०५१३०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. ६७५९४९५।९० अर्थात अनुमान भन्दा ६४।२९ प्रतिशतमात्र आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ।

५.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | पालिका बाटै संकलित आन्तरिक आय | राजश्व बाँडफाँडबाट प्राप्त आय | कुल आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|---|---|
| १९९८९८८५३।७ | ६७५९४९५।९० | ८८२९१८५८।५५ | २१७६२४३५४।४५ | ३।११ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.११ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २७१३०००।०० | ६२३६५८।२५ | २२।९९ |
| वहाल कर | २००००००।०० | १०१३३००।७५ | ५०।६६ |
| व्यवसाय कर | २००००००।०० | १२५५२०१।८८ | ६२।७६ |
| अन्य दस्तुर | ३८०००००।०० | ३८६७३३५।०२ | १०१।७७ |
| | १०५१३०००।०० | ६७५९४९५।९० | ६४।२९ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५.४ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो।

५.५ **असुली गर्न बाँकी आन्तरिक आय —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहाय अनुसार असुल गर्न बाँकी रहेको देखिएकोले उक्त रकम असूल हुनुपर्ने रू.

| क्र सं | ठेक्का कवोल गर्नेको नाम | ठेक्काको विवरण | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | मदन मोहन विष्ट | निकासी पैठारी | १०८५००। | ० | १०८५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,५०० |

५.६ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रू.१२५५२०१।८८ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका सबै प्रकारका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

५.७ **राजस्व दाखिला** - वडा कार्यालयहरूबाट व्यवसाय कर, रजिष्ट्रेशन दस्तुर, मृत्युदर्ता सिफारिस, नाता प्रमाणित लगायतक सेवा दस्तुरवापत दैनिक असूल भएको रकम समयमा दाखिला गर्नु पर्नेमा ढिला दाखिला गर्ने गरेको पाइयो। राजस्व दाखिला वडा कार्यालयहरूबाट व्यवसाय कर, रजिष्ट्रेशन दस्तुर, मृत्युदर्ता सिफारिस, नाता प्रमाणित लगायतका सेवा दस्तुरवापत दैनिक असुल भएको रकम समयमा दाखिला गर्नु पर्नेमा ढिलो दाखिला गर्ने गरेको पाइयो। वडाहरूले समयमै राजश्व दाखिला गर्नुपर्दछ।

५.८ **अभिलेख** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको

अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ। आर्थिक वर्ष २०७९/८० मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ।

५.९ **दहत्तर बहत्तर शुल्क** - सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची-६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ। यस पालिकाले यस वर्ष कुनै पनि दहत्तर बहत्तर शुल्क असुल भएको देखिएन।

## ६ सेवा प्रवाह

६.१ **नक्सा पास** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। पालिकामा आ.व. २०७९।८० मा ६ वटा घर नक्सापासको लागि निवेदन दिएकोमा ४ वटा लाई अस्थायी अनुमति दिएको छ भने गत वर्ष अनुमति लिएका ३ सहित कुल ७ वटा घरको कार्यसम्पन्न भएको अवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्रका घरहरूको अभिलेख तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन। सोको अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ।

६.२ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ ऐन, ७ नियमावली, ३३ कार्यविधि लगायत ६३ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको र उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छ।

६.३ **फोहरमैला व्यवस्थापन** – फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

६.४ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो बर्ष थप भएको १० गरी कुल १८ विवाद दर्ता भएकोमा १५ फस्यौंट भइ ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

७ **सवारीसाधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन न ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ वटा मोटरसाइकल खरिदमा रू. ९७५६९०।०० खर्च गरेको छ। प्रचलित कानुन कार्यविधिको अनुसरण हुनुपर्दछ।

८ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ।पालिकाले यस वर्ष विविधतर्फ खाजाखाना सभा संञ्चालन लगायतमा ) कुल रू १३४९५८६। खर्च गरेको छ। उक्त खर्च पालिकाको आन्तरिक आय रू ६७५९४९५। को १९.९ प्रतिशत हुन आउछ।

९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २४१ जनालाई रोजगारी उपलव्ध गराई रू १४४१७७२९।०१ खर्च गरेको छ। लक्षित वर्गलाई ६४ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन।

१० **सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानीय तहसंग सम्झौता गरी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ।पालिकालाई यस वर्ष रू. १३०००००।०० विनियोजन भएकोमा गत बर्षको दोस्रो किस्ता रू.२१०००।०० मात्र खर्च भएको छ। यस सम्बन्धमा संख्या तथा दर समयमै स्पष्ट रूपमा नआएकोले खर्च हुन नसकेको पालिकाको भनाइ रहेको छ।

११ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** - स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्षको मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्कि कुल १०० अंकमा ४१ अंक प्राप्त गरेको उल्लेख छ। उक्त मुल्याँङ्कनलाई यस पालिकाको समग्र मुल्याँङ्कन राम्रै मान्ने अबस्था रहेकोले थप अंक प्राप्त गर्ने गरी आगामी बर्षका कार्यक्रम संञ्चालनका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ।

१२ **योजना तर्जुमा बजेट तथा कार्यक्रम**

१२.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नु पर्नमा यस पालिकाले आवधिक

योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१२.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

**बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

**बजेट पेश, पारित र अख्तियारी** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रू.७४ करोड १६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।६।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।६।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। नियमानुसार तोकिएको अवधि भित्र बजेट पारित हुनु पर्दछ।

१२.३ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना

गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार पालिकास्तरका कुल योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.१० लाखमाथिका योजना सङ्ख्या | रू.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या | रू.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय/वडास्तरीय | ३७२ | ५ | ४२ | ३२५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये ३६४ योजनामात्र कार्यान्वयन भई ८ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१२.४ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| **कार्यक्रम** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिती** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५ % सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ३७२ | २२ | २ | ६ | ३४२ |

१२.५ **वार्षिक खरिद गुरूयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ११५६६३६७६। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१२.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको आ.व.२०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र. स | क्षेत्र | बजेट | खर्च | तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६४०८३ | २९०४९ | ४।७२ |
| २ | पूर्वाधार विकास | ९२९५६ | ७४५८९ | १२।१३ |
| ३ | सामाजिक विकास | ३९५२३० | ३६१६३५ | ५८।७९ |
| ४ | बातावरण तथा विकास | २१०० | ८९६ | ०।१५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८४४० | १५३६३ | २।५० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६८८२९ | १३३६३३ | २१।७२ |
| | जम्मा | ७४१६४०।८४८ | ६१५१६८।३२४ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.७९ प्रतिशत र वातावरण तथा विकास मा सबै भन्दा घटी ०.१५ प्रतिशत रहेको छ। दिगो विकास स्थानीय लक्ष्यहरु निर्धारण गरी सोही अनुरुप तय भएका मध्यमकालिन खर्च संरचना समेतलाई आधार लिई बजेट तर्जुमा हुनु पर्दछ।

१२.७ **खर्च बिश्लेषण-** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू.६७५९४९५।- राजस्व बाँडफाँड र अनुदानबाट रू.२१०८६४८५८।५५ समेत रू.२१७६६४३५३।५५ आम्दानी भएकोमा चालुतर्फ रू. १५३३२८४८२।७२ र पूँजीगत तर्फ रू.११५६६३६७६।- समेत रू.२६८९९२१५८।७२ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा २.५२ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रू.१०२६५९००।-खर्च भएको छ जुन आन्तरिक आयको ६५.८५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२ प्रतिशत चालु र ५४.८५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१२.८ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छन।

(रू. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चालु खर्चतर्फ | १५३३२८ | ३४९५८ | २५८७६ | २६८८८ | ६५६०४ | ४९०७० |
| पूँजिगत खर्च | ११५६६३ | ३१२८८ | २४२५ | १४७३६ | ६७२१३ | ४८८२१ |
| जम्मा | २६८९९२ | ६६२४७ | २८३०१ | ४१६२५ | १३२८१८ | ९७८९२ |
| प्रतिशत | १०० | ३०.१८ | १०.५२ | १५.४७ | ४९.३७ | ३६.३९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष रू. २६ करोड ८९ लाख ९२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.६ करोड ६२ लाख ४७ हजार अर्थात ३०.१८ प्रतिशत, दोश्रो त्रैमासिकमा रू.२ करोड ८३ लाख १ हजार अर्थात १०.५२ प्रतिशत, तेश्रो त्रैमासिकमा रू ४ करोड १६ हजार २५ अर्थात १५.४७ प्रतिशत र चौथो त्रैमासिकमा रू.१३ करोड २८ लाख १८ हजार अर्थात ४९.३७ प्रतिशत र आषाढ महिनामा मात्र रू.९ करोड ७८ लाख ९२ हजार अर्थात ३६.३९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १३ संगठन तथा कर्मचारी व्यवस्थापन

१३.१ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्तामा रू. २६१८५७६९।६० भुक्तानी गरेको पाइयो। नियमानुसार कर्मचारी व्यवस्थापन हुनु पर्दछ।

१३.२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४६ कर्मचारीको रू.३,४७,७७,८८९।- र पालिकाका ३४ कर्मचारीको रू.२१६८९९६०।-समेत रू. ५६४६७८४९।- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१३.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रू.५,३२,६४६।-प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत आधार लिई कानुन बमोजिम अतिरिक्त शिर्षकमा खर्च लेख्नुपर्दछ।

१३.४ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ३ | ७ |

१३.५ **स्वकीय सचिव नियुक्ती** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ पहिलो संशोधन समेतमा स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले स्वकीय सचिव तथा सल्लाहाकर राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। तर नगर प्रमुख तथा उप प्रमुखका लागि २ जना स्वकीय सचिव नियुक्त गरी वार्षिक रू.७००८११।- भुक्तानी भएको छ। खर्च व्यवस्थापन नियमानुसार हुनुपर्दछ।

## १४ वित्तीय विवरण विश्लेषण

१४.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छ।

१४.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१४०३७६२७०।-सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

१५ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

## १६ विपद व्यवस्थापन

१६.१ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाँउपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्था समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भएतापनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरू गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

१६.२ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रू.२५८८८२३।३२ रहेकोमा रू.१२६०००।- खर्च भई रू.२४६२८२३।३२ बाँकि देखिन्छ। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

१६.३ **बार्षिक प्रतिबेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

१७ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी मलेप फाराम नं. २२१ प्रमाणित गरी यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.२०८०६०४९।- भुक्तानी दिएको छ।

१८ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड तथा कार्यविधि तयार गरी विभिन्न संघ संस्था व्यक्तिहरूलाई रू. २०००।- देखि रू.५००००।- सम्म गरी कुल रू.१०५३०००।-आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.६७५९४९५।- को १५.५७ प्रतिशत हुन आउँछ। आर्थिक सहायता वितरण गर्ने प्रक्रिया व्यवस्थित र निश्चित मापदण्डमा आधारित हुनुपर्दछ।

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन हुनुपर्दछ।

२० **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख

छ। पालिकाले निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू. ८३२७६०।- बाँकी रहेको देखिन्छ। म्याद नाघेको उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रू.

| सि.नं. | पेश्की लिनेको नाम | रकम रू |
|---|---|---|
| १ | एस के निर्माण सेवा | ३८०००० |
| २ | गुतथडी सडक उ स | २२१७६० |
| ३ | डसेली गेरडा सडक उ स | २३१००० |
| | जम्मा | ८३२७६० |

| | |
|---|---|
| पेश्की | ८,३२,७६० |

२१ कृषितर्फ

२१.१ **ओखर खेति विस्तार कार्यक्रम** - यस वर्ष कार्यालयले ओखर खेति विस्तार कार्यक्रम अन्तर्गत २७ कृषि फर्म, समूह, तथा कृषि सहकारी अन्तर्गतका कृषकहरूलाई ५० प्रतिशत लागत साझेदारीमा रू. ११४९८३५।- को अनुदान प्रदान गरेको छ। पालिकाले मापदण्ड अनुसार कृषक समुह उक्त अनुदान प्राप्त गर्न योग्य भए नभएको तथा पालिकामा संचालित कृयाकलापहरूको अनुगमन तथा मुल्याङ्कन गरेको देखिएन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन हुने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२१.२ **अनुदानको अनुगमन-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयनको वुंदा नं ४.१.४ मा कृषि पकेट सञ्चालन गर्ने आधार वुँदा नं ४.१.१३ मा पकेट कार्यक्रम सञ्चालन गर्ने र स्थानीय तहले पकेट प्रोफाइल अद्यावधिक गरि जिल्ला स्थित परियोजना कार्यान्वयन इकाइमा पेश गर्नुपर्ने व्यवस्था छ। साना व्यवसायिक कृषि उत्पादन विकास कार्यक्रम अन्तर्गत आ.व. २०७९।८० मा ५ फर्म तथा कृषक समुहलाई रू.१२०००००।- बराबरको अनुदान प्रदान गरेकोमा निर्देशिकाले तोकेको मापदण्ड अनुसार कृषक समुह योग्य भए नभएको तथा पकेट विकास कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरूले नतिजा प्राप्त गरे नगरेको अनुगमन तथा मुल्याङ्कन गरेको पाइएन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२२ शिक्षातर्फ

२२.१ **विद्यालय लेखापरीक्षण** - शिक्षा मन्त्रालयबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा सामाजिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण तथ्यांक व्यवस्थापनको लागि मा वि लाई रू.१५०००।- आधारभूत बिद्यालयको लागि रू.१००००।- का दरले अनुदान उपलब्ध गराउने उल्लेख छ। सो बमोजिम पालिकाले ६२ बिद्यालयहरूलाई रू.६,९०,०००।- उपलब्ध गराएको छ। उपलब्ध विवरणमा

कुनै पनि बिद्यालयहरूले लेखापरीक्षण प्रतिवेदन पेश गरेको पाइएन। पालिकाले आवश्यक कार्यविधि निर्माण गरि नियमित रूपमा सवै विद्यालयहरूको लेखापरीक्षण गराउने व्यवस्था हुनु पर्दछ ।

२२.२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| ६३ | ३२१ | ३२१ | १४६ | ८३५९ |

२२.३ **शिक्षक तलब** - अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयमा शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान शिक्षक तथा कर्मचारी नियुक्त गरी विभिन्न विद्यालयलाई अनुदानबाट यो वर्ष रू.१,९७,०७,९९९।- तलब भत्ता भुक्तानी गरेको पाइयो।

२२.४ **अवकाश पछिको तलव निकासा**- शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिन नहुने व्यवस्था छ। अवकाश प्राप्त शिक्षकहरूको तलव निकासा गर्दा कार्यरत दिनसम्मको लागि मात्र निकासा गर्नुपर्नेमा देहायका शिक्षकहरूलाई चौमासिक रूपमा निकासा गरेको र शिक्षा विकास तथा समन्वय इकाईले जानकारी गराएकोमा बढी निकासा भएको रकम मिलान गरेको पाईएन। तसर्थ सरूवा/राजिनामा र अनिवार्य अवकाश पश्चात भुक्तानी भएको बढि तलव निकासा रू. ३४४९९०।-सम्वन्धित विद्यालयवाट फिर्ता गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रू.

| विद्यालयको नाम | शिक्षकको नाम | अवकाश भएको मिति | वढि निकासा | कैफियत |
|---|---|---|---|---|
| सरस्वती मा वि सल्लेवास | अंकिलाल भट्ट | २०७९।१०।४ | ९६५०६ | |
| गणेश आ वि गेराडा | इन्द्र बोहरा | २०८०।२।२८ | ५४३९२ | |
| भृकुटी आ वि ठडकुडा | पदम सिंह ऐर | २०८०।३।२२ | १३६२४ | |
| डाडा बाग आ वि हिरापुर | मिना कुमारी थापा | २०७९।१०।५ | ७५१७७ | सरूवा |
| सिद्देश्वर मा वि मेलचौरा | पार्वती चन्द | २०७९।५।४ | १०५२९१ | राजिनामा |
| | | जम्मा | ३४४९९० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४४,९५१ |

२२.५ **शिक्षकको बढी ग्रेड भूक्तानी** - स्थायी शिक्षकहरूको तलवी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय ईकाई मार्फत राष्ट्रिय शिक्षक किताव खानावाट पारित गराइ प्राप्त तलवी प्रतिवेदनको आधारमा अनुदान तथा निकासा दिनु पर्दछ। पालिकाले आ.व.२०७८।०७९ को लागि तलबी प्रतिवेदन पारीत नगरेता पनि आ.व.२०७९।८० मा पारित तलबी प्रतिवेदनको आधारमा निम्न शिक्षकहरूको बढी ग्रेड भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| बिद्यालयको नाम | शिक्षकको नाम | भूक्तानी हुनु पर्ने ग्रेड | भूक्तानी भएको ग्रेड | बढी भक्तानी ग्रेड |
|---|---|---|---|---|
| भुवनेश्व आ बि | पुष्कर सिंह साउद | १०९७ | ११९८ | ४७५८ |
| जयपुर आ वि | बिमला साउद | १०९७ | ११५८ | २६६० |
| | | | जम्मा | ७४१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,४१८ |

२२.६ **वित्तीय समानीकरण अनुदानबाट शिक्षकको तलब** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट ६३ विद्यालयका ११४ जना नगर स्वयंसेवक शिक्षकहरूलाई रू. १४,००,०००।-तलब भुक्तानी गरेको पाइयो। तसर्थ, सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा समानिकरण शीर्षकबाट खर्च लेखेको नियमसम्मत देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १४,००,००० |

२२.७ **विद्यालयगत निकासा अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरि यथार्थ विवरण राख्नु पर्नेमा निकासा अभिलेख व्यवस्थित रूपमा राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रूपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा अभिलेख खाता अद्यावधिक राख्नुपर्दछ ।

२२.८ **शिक्षक अभिलेख** - पालिकाले पालिकाभित्र रहेका विद्यालयहरूको स्वीकृत दरबन्दी (राहत, करार समेत) अनुसार विद्यालयमा शिक्षक पदपूर्तिको अवस्था, सरूवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिई तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरूवा, अवकाश भए

पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ ।

२३ **उपभोक्ता समितिलाई ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले तपसिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान बनाई सोहि आधारमा भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| भौ न / मिति | उपभोक्ता समितिको नाम र काम | लागत अनुमान ओभरहेड समेत | प्रयोग भएको दर | जिल्ला दररेट अनुसार हुने दर | फरक | वढी भुक्तानी | कार्यालय वाट भुक्तानी भएको ८०प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १६५।२ ०८०।२ ।२८ | हरिचन शैलेश्वर कृषि सडक योजजा | Soft soil १३२०.३६ | ६७।८३ | ५९।८० | ८।०३ | १०६०२ | |
| | | Hard soil ४२९६.९६ | ९४।४५ | ८२।५९ | १९।८९ | ८५४६६ | |
| | | Soft rock १३१५.६० | २०२।६४ | १८२।११ | २०।५३ | २७००९ | |
| | | Medium rock ६४३.०८ | २९९।१७ | २७६। | २३।१७ | १४९०० | |
| | | | | | जम्मा | १३७९७७ | ११०३८ |
| २२७।२ ०८०।३ ।१ | सडक सरसफाइ योजना वडा न ८ | Soft soil ११६६.१५ | ६७।८३ | ५९।८० | ८।०३ | ९३६४ | ७४९१ |
| २७०।२ ०८०।३ ।९ | जडमेला सकार सडक निर्माण वडा न ७ | Soft soil २९३.५१ | ६७।८३ | ५९।८० | ८।०३ | २३५६ | |
| | | Hard soil ९५५.७१ | ९४।४५ | ८२।५९ | १९।८९ | १९००९ | |
| | | Soft rock १२०८.१९ | २०२।६४ | १८२।११ | २०।५३ | २४८०४ | |
| | | Medium rock ४१२.१९ | २९९।१७ | २७६। | २३।१७ | ९५५० | |
| | | | | | जम्मा | ५५७१९ | ४४५७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७७।२०८०।३।९ | भागौती सिमरोड सडक | Soft soil ४९४.६५ | ६७।८३ | ५९।८० | ८।०३ | ३९७२ | |
| | | Hard soil १४९८.०४ | ९४।४५ | ८२।५९ | १९।८९ | २९७९६ | |
| | | Soft rock १४४७.३२ | २०२।६४ | १८२।११ | २०।५३ | २९७१३ | |
| | | Medium rock ३०४.५९ | २९९।१७ | २७६। | २३।१७ | ७०५७ | |
| | | | | | जम्मा | ७०५३८ | ५६४३० |
| | | | | | | कूल जम्मा | २१८८७७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१८,८७७ |

२४ **ढुवानी कर -** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कट्टी गरेको ढुवानी करको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ। पालिकाले ढुवानी भाडामा कट्टी गरि राखेको कर रू.२५२८९०।- संघीय संचित कोष दाखिला नगरी स्थानीय संचितकोषमा दाखिला गरेकोले स्थानीय संचितकोषवाट संघिय संचितकोष दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५२,८९० |

२५ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२६ **अधुरो ठेक्का -** ठेक्का अविधभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा १५ शैया अस्पताल भवनको कार्य मिति २०८०।१२।३० मा सम्पन्न गर्नुपर्ने गरी सम्झौता अङ्क रू.१६२५०५४७६।-( मूअ कर समेत ) मा सिनर्जी प्रधान जे भि नयावानेश्वरसंग सम्झौता भइ हालसम्म रू ६५४४०९३।को ( ४।२९ प्रतिशत) कार्य गरी रकम भुक्तानी भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीले थोरै काम गरी बीचमा कार्य छाडेको कारण ठेक्का अधुरो रहेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरूको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने, ठेक्का तोडने, कार्यसम्पादन जमानी प्राप्ती गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ। कार्यालयले खरिद सम्झौताका ती व्यवस्थाहरूको कार्यान्वयन नगरेको कारण काम अधुरो देखिन्छ ।कानूनमा भएको व्यवस्थाको पालना गरी पेश्की लिएको रकम रू. २५६०००००।-नियमानुसार असूल फस्यौंट गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | ठेक्का नं | काम | ठेक्का अवधि (महिना) | म्याद थप | ठेक्का अंक | भुक्तानी | पेश्की जमानी |
|---|---|---|---|---|---|---|---|
| १ | ९।२०७७।७८ | भवन निर्माण | ३३ महिना | | १६२५०५४७६। | ६५४४०९३ | २५६००००० |

२७ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२८ **निर्माण कार्यको बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतमा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रूपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले सम्झौतामा बीमाको प्रावधान राखेको अवस्थामा समेत निर्माण कार्यको बीमा गराएको देखिएन। निर्माण व्यवसायीले सार्वजनिक खरिद ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्दछ।

२९ **फर्माको कामको बढी दर राखि लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार तयार गर्नुपर्ने व्यवस्था छ। जिल्ला दररेट अनुसार फर्माको प्रति वर्ग मिटर रू ५४५।८४ रहेकोमा मल्लि सिराडी संयुक्त कोटगाडा सिचाइ योजनाको लागत अनुमान तयार गर्दा रू.८८५।५७ को दर प्रयोग गरी सोहि आधारमा ठेक्का आव्हान गरिकोमा प्रति वर्ग मिटर रू ३००।कवोल गर्नेको ठेक्का स्वीकृत भइ सोहि आधारमा भुक्तानी गरेको छ। स्वीकृत दररेट भन्दा रू.३३९।७३ ले रू.२३३०।४० वर्ग मिटरको रू.७९१७०६।-ले लागत अनुमान बढ्न गएकोले दर विश्लेषण गरी लागत अनुमान तयार गर्ने सम्बन्धित प्राविधिक कर्मचारीलाइ जिम्मेवार बनाइ वास्तविक दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ ।

३० **थप मु.अ.कर -** निर्माण कार्यको बि ओ क्यू मा रहेको प्रोभिजनल सम आइटमको रकममा निर्माण व्यवसायीलाई मु.अ.कर थप गरी भुक्तानी दिनु हुँदैन। कार्यालयले श्री कृष्ण कन्स्ट्रक्सन वैतडीलाइ मा.वि. गजुर भवनको निर्माण कार्यमा प्रोभिजनल सम आइटमको बीमा रू. ५००००।-मा रू.६५००।-मु.अ.कर थप गरी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रू.६५००। असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५०० |

३१ **सव कन्टयाक्टरबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। देहायका उपभोक्ता समितिले

आफै काम गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

| भौचर नं | उपभोक्ताको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| १७६।२०८० ।२।२८ | ३ नं सडक सरसफाइ तथा निर्माण | वार शिखर कन्स्ट्रक्सन | ५७२५७८ |
| २२७।२०८० ।३।२१ | ८ नं सडक सरसफाइ तथा निर्माण | वार शिखर कन्स्ट्रक्सन | ४७८१७१ |
| २७०।२०८० ।३।९ | जडमेला सकार सडक | आयुष बिल्डर्स | ३८२३१४ |
| २७७।२०८० ।३।९ | भागौती सिमरोड | नागार्जुन कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४३९३४६ |
| ३१२।२०८० ।३।१६ | १० नं वडा स्तरीय सरसफाइ | पाचभाइ निर्माण सेवा | ३८०९३२ |
| ३४९।२०८० ।३।२० | ७ नं सडक मर्मत | नागार्जुन कन्स्ट्रक्सन | ६५१५९३ |
| ३५७।२०८० ।३।२१ | २ नं सडक विस्तार | पाच भाइ निर्माण सेवा।एस के निर्माण सेवा | ८५९३०० |

---

३२ **नन् फाइलर**- मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू अ कर रकम तथा सो को विवरण स्वयम निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ। कार्यालयले देहायका फर्मलाई मूल्यअभिवृद्धि कर भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर सर्च गर्दा उक्त फर्महरू नन फाइलर र अन्य कैफियत देखिएकोले निम्नानुसार रू. २१०६६२४।- को कर समायोजन प्रमाण पेश हुनुपर्ने रू.

| भौचर न | निर्माण कार्य | फर्मको नाम | स्थायी लेखा नं | मूल्य अभिवृद्धी कर | नन्फाइल र रहेको मिति |
|---|---|---|---|---|---|
| ५।२०७९।६ ।११ | प्रशासकिय भवन निर्माण | प्रशंसा शिवलिङ जे भि | ६१५९८१२३५ | १३६२७०४ | २०७९। M. ।७ |
| ३१६।२०८० ।३।१६ | | | | | |

<table>
<tr><td>१२।२०७९।<br>६।१२</td><td>देहिमाण्डौ वसन्तपुर पाटन सडक</td><td>शुभम डेभलपर्श एण्ड सप्लायर्स (प्रतिलिपि विल)</td><td>६०९५९२६१४</td><td>३७२७८८</td><td></td></tr>
<tr><td>९।२०८०।२।३० प्रदेश</td><td rowspan="2">वडा कार्यालय भवन निर्माण</td><td rowspan="2">रणशैनी निर्माण सेवा (स्थायी लेखा नं नमिलेको)</td><td rowspan="2">१०१५१५२२९</td><td rowspan="2">३७११३२</td><td rowspan="2"></td></tr>
<tr><td>१९७।२०८०।२।३०पालिका पूजिगत</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२१०६६२४</td><td></td></tr>
</table>

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,०६,६२४ |

३३ **सामाजिक सुरक्षातर्फ**

**लक्षित समूहको विवरण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। सो को पालना हुनुपर्दछ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

**कार्यालय र स्थानः** पाटन नगरपालिका, बैतडी

| पद | नाम | कार्यकाल सुरू मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मी दत्त भट्ट | २०७९-०५-०५ | २०७९-११-२९ |
| कार्यालय प्रमुख | ओम प्रसाद पाण्डे | २०७९-११-३० | २०८०-०१-०१ |
| कार्यालय प्रमुख | अर्जुन शर्मा | २०८०-०२-०९ | हालसम्म |
| लेखा प्रमुख | भवानी प्रसाद भट्ट | २०७९-०५-३० | हालसम्म |

बेरूजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६८६,२४६ | १,४००,००० | २,३५९,५१४ | ० | ० | ८३२,७६० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू. | | | | | ५,२७८,५२० |
| प्रारम्भिक प्रतिवेदन उपर फर्स्यौट गरी सम्परीक्षण भएको रकम रू. | | | | | ० |
| सम्परीक्षणबाट थप भएको बेरूजू रू. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू. | | | | | ५,२७८,५२० |

**स्थानीय तह :** पाटन नगरपालिका, बैतडी।

| गत बर्षको जिम्मेवारी | | १३२०३९५३७.४१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९७२९९६०० | चालु खर्च | ४६५३७६७६२.६९ |
| प्रदेश सरकारबाट अनुदान | १७६७२००० | पूँजीगत खर्च | १४९७९११७७ |
| राजश्व बाँडफाँट | ८८२९१८५८.५५ | वित्तीय/अन्य व्यवस्था | १०७९४६८०२.११ |
| आन्तरिक आय | ६७५९४९५.९ | | |
| अन्य आय | ७२११४२१.७७ | | |
| कुल आय | ६१७२३४३७६.२२ | कुल खर्च | ७२३११४७४१.८ |
| बाँकी मौज्दात | | २६१५९१७१.८३ | |